# नेपाल खानेपानी संस्थान

## खुल्ला प्रतियोगिताबाट पदपुर्ति गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७४/३/३१

यस संस्थानमा रिक्त रहेका पदहरु मध्ये लोकसेवा आयोगको मिति २०७३।१०।१८ को सहमति अनुसार लोकसेवा आयोगबाट परीक्षा संचालन गर्ने भएकोले खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपुर्ति गर्नको लागि निम्न लिखित योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम साथ शैक्षिक योग्यता, तालिम, अनुभव, नागरिकताको प्रमाण पत्र आदि कागजातको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति तथा यस संस्थानमा परीक्षा दस्तुर बुझाएको रसिद समेत संलग्न राखि यो सुचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (डबल दस्तुर तिरी थप सात दिन) भित्र त्रिपुरेश्वर स्थित प्रधान कार्यालयमा पेश गर्नुपर्नेछ । रित नपुगेको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | सेवा/समुह | खुल्ला र समावेशी | | | | | | | आवश्यक न्युनतम शैक्षिक योग्यता | परीक्षा दस्तूर रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुल्ला | महिला | आदिवासी/ जनजाती | मधेशी | दलित | अपांग | पिछडिएको | | |
| ४६/०७३/०७४ | सिभिल ईन्जिनियर | ७ | प्रा./सि. | ४ | १ | १ | १ | | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक स्तरको उपाधि प्राप्त गरेको | १०००।०० |
| ४७/०७३/०७४ | कम्प्युटर ईन्जिनियर | ७ | प्रा./कं. | १ | | | | | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक स्तरको उपाधि प्राप्त गरेको | १०००।०० |
| ४८/०७३/०७४ | वरिष्ठ सहायक | ५ | प्र./प्र. | २ | १ | १ | | | | | प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | ४००।०० |
| ४९/०७३/०७४ | सब ईन्जिनियर | ५ | प्रा./सि. | ६ | २ | १ | १ | १ | | | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ४००।०० |
| ५०/०७३/०७४ | कम्प्युटर अपरेटर | ४ | प्रा./कं. | ३ | १ | १ | १ | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरि सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम पाप्त गरेको | ३००।०० |
| ५१/०७३/०७४ | प्लाण्ट अपरेटर | ४ | प्रा./सि. | १ | | | | | | | दशम कक्षा उत्तीर्ण गरि मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको | ३००।०० |
| ५२/०७३/०७४ | मिटर मेकानिक्स | ४ | प्रा./ई.मे. | २ | १ | | | | | | दशम कक्षा उत्तीर्ण गरि मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको | ३००।०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५३/०७३/०७४ | पम्प अपरेटर | ४ | प्रा./ई.मे. | १ | १ | | | | | | दशम कक्षा उत्तीर्ण गरि मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको | ३००।०० |
| ५४/०७३/०७४ | हेभी ड्राइभर | ४ | प्र./चा. | १ | १ | | | | | | नेपाली लेखपढ गर्न सक्ने भै हेभी सवारी चालक लाईसेन्स प्राप्त गरेको । | ३००।०० |
| | **जम्मा** | | | २१ | ८ | ४ | ३ | १ | | | | |

**द्रष्टव्य :**

१) शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम तथा अनुभवको प्रमाण पत्र नेपाल सरकारद्वारा मान्यता प्राप्त रजिष्टर्ड संस्थाको हुनुपर्नेछ ।

२) खुल्ला प्रतियोगिताको लागि सहायकस्तर पुरुष उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र अधिकृत स्तरको पदको लागि २१ वर्ष पूरा भएको हुनु पर्नेछ ।

३) आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, पिछडिएको क्षेत्र तर्फ छुट्याईएका पदमा दरखास्त दिंदा संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०४९ (दशौं संशोधन) को विनियम ७(१३) मा उल्लेख भए बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ ।

४) प्रवेश पत्र तथा परीक्षा केन्द्र र परीक्षाको मिति तथा समयको जानकारी पछि प्रकाशित गरिनेछ ।

५) लिखित परीक्षा संचालन लोकसेवा आयोगले गर्नेछ ।

६) एउटै विज्ञापन नं. को एक भन्दा बढी किसिमको प्रतियोगितामा सहभागी हुन योग्यता पुगेका तथा इच्छुक उम्मेदवारले प्रत्येक थप प्रतियोगिताको लागि २० प्रतिशत थप दस्तुर बुझाई एउटै दरखास्त फाराममा आफुले सहभागी हुन चाहेको १ भन्दा बढी प्रतियोगिता रोज्न सक्नेछन् । यस्तोमा परीक्षा एउटै हुनेछ ।

७) तह ४ देखि तह ७ सम्मको पदहरुको लिखित परीक्षा तथा अन्तरवार्ता दुवै हुनेछ । विज्ञापन नं. ५०, ५१, ५२ र ५३ को लिखित परीक्षा प्रयोगात्मक परीक्षा र अन्तर्वाता हुनेछ । तर विज्ञापन नं. ५४ को प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता मात्र हुनेछ ।

८) संस्थानमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन ।

९) पाठ्यक्रम र दरखास्त फाराम संस्थानको प्रधान कार्यालयको सुचना पाटीमा टांस गरिएको छ साथै Website : www.nwsc.gov.np बाट प्राप्त गरी दरखास्त फाराम दस्तुर बापत रु. २५।- बुझाई ३ प्रति पासपोर्ट फोटो टांस गरी फाराम बुझाउनु पर्नेछ ।

१०) उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव लगायतको अवधि वा हद गणना गर्ने प्रयोजनको लागि दरखास्त बुझाउने अन्तिम म्यादलाई कायम गरिएको छ ।

११) अन्तिम मिति (दोब्बर दस्तुर तिरी थप सात दिन) बुझाउने मिति विदा पर्न गएमा त्यसको भोली पल्ट सम्म दरखास्त बुझिलिईनेछ ।

**नेपाल खानेपानी संस्थान**

पदपुर्ती समिति ।